बैठक संख्याः-४५

आज मिति २०८० साल माघ २५ गते बिहिबारका दिन बिर्तामोड नगरपालिकाको कार्यपालिका बैठक नगर प्रमुख श्री पवित्रादेबी महतारा प्रसाईज्यूको अध्यक्षतामा निम्न वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरुको उपस्थितिमा सम्पन्न गरियो ।

उपस्थिती

| सि.नं | पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री पवित्रादेवी महतारा प्रसाई | |
| २ | नगर उप-प्रमुख | श्री नगेन्द्र प्रसाद संग्रौला | |
| ३ | १ नं. .वडा अध्यक्ष | श्री अग्नी प्रसाद पाण्डे | |
| ४ | २ नं. वडा अध्यक्ष | श्री किशोर कुमार पौडेल | |
| ५ | ३ नं. वडा अध्यक्ष | श्री मदन बुढाथोकी | |
| ६ | ४ नं.वडा अध्यक्ष | श्री राहुल कुमार शर्मा | |
| ७ | ५ नं. वडा अध्यक्ष | श्री रोहित प्रसाई | |
| ८ | ६ नं. वडा अध्यक्ष | श्री सुर्य प्रसाद कन्दङ्वा | |
| ९ | ७ नं. वडा अध्यक्ष | श्री कृष्ण प्रसाद खरेल | |
| १० | ८ नं. वडा अध्यक्ष | श्री अजय कार्की | |
| ११ | ९ नं. वडा अध्यक्ष | श्री हरि प्रसाद चौलागाई | |
| १२ | १० नं. वडा अध्यक्ष | श्री दुर्योधन गुरुङ | |
| १३ | कार्यपालिका सदस्य | श्री यमुना देवी आचार्य | |
| १४ | कार्यपालिका सदस्य | श्री तिला गौतम | |
| १५ | कार्यपालिका सदस्य | श्री निर्मला देवी सुनार | |
| १६ | कार्यपालिका सदस्य | श्री लक्षिमा खतिवडा | |
| १७ | कार्यपालिका सदस्य | श्री संगिता सिवा | |
| १८ | कार्यपालिका सदस्य | श्री जगतवन्धु राजवंशी | |
| १९ | कार्यपालिका सदस्य | श्री सिता ढुङ्गाना बि.क. | |
| २० | कार्यपालिका सदस्य | श्री शर्मिला राजवंशी | |
| २१ | सदस्य सचिव | श्री विनोद कुमार न्यौपाने | |

CamScanner

**निर्णय नं १-** यस भन्दा अघि भएको कार्यापालिका बैठकका निर्णयहरुको कार्यान्वयन प्रगति सन्तोषजनक रहेको समिक्षा गरियो ।

**निर्णय नं. २ -** आगामी आ.ब. ०८१/०८२ मा राष्ट्रिय योजना आयोगको समपुरक अनुदान कार्यक्रमको लागि बिर्तामोड नगरपालिका वडा नं २ उपेन्द्र ओलीको घरपूर्व हेभन पार्क सम्मको सडक कालोपत्रे गर्ने योजना तथा कार्यक्रम प्रस्ताव तयार गरि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.३-** बिर्तामोड नगरपालिकाको फोहोरमैला व्यवस्थापन विद्ययेक २०८० तथा बिर्तामोड नगरपालिकाको आर्थिक ऐन २०८० को दोस्रो संशोधन विद्ययेक २०८० आगामी मिति २०८०।१०।२८ गते हुने दोस्रो नगरसभाको चौथो अधिवेशनमा स्वीकृतिका लागि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.३-** आगामी मिति २०८०।१०।२८ गते हुने दोस्रो नगरसभाको चौथो अधिवेशनमा देहाय अनुसार प्रस्तावहरु पेश गर्ने निर्णय गरियो ।

१. चालु आ.ब.०८०/०८१ मा स्वीकृत भएका अनुसूची १ मा उल्लेखित बजेट योजना तथा कार्यक्रममा संशोधन तथा रकमान्तर गर्ने प्रस्ताव ।
२. बिभिन्न मितिमा कार्यपालिका तथा नगर प्रमुखबाट निर्णय भई कार्यान्वयन भएका अनुसूची २ मा उल्लेखित बजेट योजना तथा कार्यक्रम अनुमोदन सम्बन्धी प्रस्ताव ।
३. चालु आ.ब.०८०/०८१ मा स्वीकृत बजेट अनुसार मर्मत कोषमा बिनियोजित बजेट, पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च शीर्षकमा बिनियोजित बजेट र लक्षित वर्गमा बिनियोजित बजेटबाट सञ्चालन गरिने अनुसूची ३ को (क), (ख) र (ग) मा उल्लेखित योजना तथा कार्यक्रम स्वीकृत गर्ने सम्बन्धी प्रस्ताव ।
४. नगर भित्रका सडकहरुमा प्रयोग गरिने पेवर्स ब्लकको गुणस्तरीयता कायम गर्न नेपाल गुणस्तर चिन्ह NS प्राप्त पेवर्स ब्लक मात्र प्रयोग गर्ने सम्बन्धी प्रस्ताव ।
५. नगरपालिका क्षेत्रभित्र विगतमा पेवर्स जडान गरी निर्माण गरिएका १०० मिटर भन्दा कमका अधुरा सडकहरुलाई सम्बन्धित वडाको आगामी वर्षको सिलिङबाट पचास प्रतिशत र नगरपालिकाबाट पचास प्रतिशत लागत व्यहोर्ने गरी पेवर्स बिछ्याई निर्माण सम्पन्न गर्ने सम्बन्धी प्रस्ताव ।
६. बिर्तामोड नगरपालिका वडा नं ५ स्थित देबीहाट बुधबारे बजारमा बहुतले पार्किङ सहितको देबी कम्प्लेक्स निर्माणका लागि नगर विकास कोषमा ऋण तथा अनुदान माग गर्ने सम्बन्धी प्रस्ताव ।

CamScanner

**निर्णय नं.४-** बिधयेक समितिमा छलफल भई आएको **सहकारी विधालय स्थापना, अनुमति सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०** पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.५-** बिर्तामोड नगरपालिका वडा नं ३ मा रहेको महेन्द्र रत्न माध्यमिक विधालयको शैक्षिक भवन निर्माणका लागि शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय सिहंदरबार काठमाडौमा तथा उक्त स्कुलको कम्पाउण्ड निर्माणका लागि भौतिक पूर्वाधार विकास मन्त्रालय कोशी प्रदेशमा प्राविधिक लागत स्टमेट अनुसारको रकम माग निर्णय गरियो ।

**निर्णय नं.६-** कोशी प्रदेश सरकारबाट मिति २०८० साल पौष २२ गते जारी भएको स्थानीय सरकारी सेवा गठन तथा सञ्चालन ऐन २०८० मा व्यवस्था भएको स्थानीय सेवाका कर्मचारीहरुको तहबृद्धि सम्बन्धी प्रक्रियालाई व्यवस्थित गर्न आवश्यक भएकाले ऐनको दफा १५१ ले दिएको अधिकार प्रयोग गरी तर्जुमा गरिएको स्थानीय सेवाको तहबृद्धि सम्बन्धी कार्यविधि २०८० ऐनको दफा १०३ को उपदफा ३ बमोजिम राय, परामर्शका लागि प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगरमा पठाउने निर्णय गरियो ।

**निर्णय नं ७-** कोशी प्रदेश सरकारबाट मिति २०८० साल पौष २२ गते जारी भएको स्थानीय सरकारी सेवा गठन तथा सञ्चालन ऐन २०८० दफा २७ को उपदफा ३ अनुसार बिर्तामोड नगरपालिकामा कार्यरत कर्मचारीहको तहबृद्धि गर्ने प्रयोजनका लागि तपशिल बमोजिमको सिफारिस समिति गठन गर्ने निर्णय गरियो ।

**तपशिल**

अध्यक्ष- प्रमुख प्रशासकीय अधिकृत

सदस्य- अधिकृतस्तर आठौ श्री दिनेश आचार्य

सदस्य- अधिकृतस्तर छंटौ श्री संगिता अधिकारी

**निर्णय नं.८-** विगतमा नगरपालिका तथा नगर विकास समितिबाट घर निर्माण इजाजत नलिई बनाइएका बिर्तामोड नगरपालिका क्षेत्र भित्र रहेका पुराना घर तथा भवनहरुहरुको अभिलेखिकरण गर्ने कार्यको म्याद अवधि आगामी चैत्र मसान्त सम्म कायम गर्ने गरी सूचना प्रकाशन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

CamScanner